माथागढी गाउँ सभामा

उपाध्यक्ष श्री विष्णु माया लुङ्चेले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पालपा, लुम्बिनी प्रदेश, नेपाल

२०८३ असार १०

**सम्मानित गाउँसभाका अध्यक्षज्यू,**

माथागढी गाउँपालिकाको सर्वभौम विधायिकी अधिकार र जनअनुमोदित सर्वोच्चताको प्रतीक यस गरिमामय गाउँसभाको ऐतिहासिक बैठकमा नेपालको संविधानको धारा २३० ले प्रत्याभूत गरेको संवैधानिक अभिभारा र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप आगामी आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको समष्टिगत अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा म गौरवको अनुभूति गरेकी छु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय र नागरिक स्वतन्त्रताको आधारशिला निर्माणका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक क्रान्ति, सशस्त्र संघर्ष, जनआन्दोलन लगायतमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै निरंकुशताको अन्त्य, लोकतन्त्रको प्राप्ति र गणतन्त्र स्थापनाको युगान्तकारी रूपान्तरणमा अग्रणी र पथप्रदर्शक भूमिका निर्वाह गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरू, घाइते, बेपत्ता पारिएका नागरिकहरू र आम जनसमुदायको त्याग, निष्ठा र योगदानको उच्च मूल्यांकन गर्दै हार्दिक सम्मान एवं कृतज्ञता व्यक्त गर्दछ।

नेपालको संविधानको प्रस्तावनाले अंगीकार गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको बृहत्तर राष्ट्रिय आकांक्षालाई मूर्तरूप दिन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरण गर्दै माथागढी गाउँपालिकाको भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक रूपान्तरण, मानव संसाधन विकास र सुशासन प्रवर्द्धनको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल हुँदै आएका छन्। समतामूलक समाज निर्माणको यस अभियानमा स्थानीय सरकार नै आम नागरिकको सुख-दुःखको निकटतम सारथी र लोकतन्त्रको लाभांश वितरण गर्ने प्राथमिक माध्यम बनेको तथ्य सर्वविदितै छ।

यस पृष्ठभूमिमा, उपलब्ध स्रोत र साधनको महत्तम उपयोग गर्दै गाउँपालिकावासीको विकासको तीव्र आकांक्षालाई सम्बोधन गर्न चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट केन्द्रित रहेको छ। सीमित स्रोत, असीमित आवश्यकता र विश्वव्यापी आर्थिक शिथिलताका बाबजुद गाउँपालिकाको समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै उत्पादनशील क्षेत्रमा पूँजी परिचालन गर्नु आजको मुख्य चुनौती हो।

**आदरणीय अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू,**

वार्षिक बजेट केवल आय-व्ययको अनुमान मात्र नभई गाउँपालिकाको समष्टिगत सामाजिक-आर्थिक रूपान्तरणको समूचित मार्गचित्र हो। यस योजनालाई सफल र परिणाममुखी कार्यरूप दिन समाजका सबै क्षेत्रको आ-आफ्नो स्थानबाट निष्ठापूर्वक महत्त्वपूर्ण योगदान रहने कुरा स्मरण गराउँदै, आगामी दिनमा समेत सोही अनुरूपको रचनात्मक सहयोग र इमान्दारीपूर्वक ऐक्यबद्धताको अपेक्षा गरेकी छु।

स्रोतको सीमितता र नागरिकका असीमित आवश्यकताहरूका बीच सन्तुलन कायम गर्नु स्थानीय सरकारको मुख्य चुनौती रहँदै आएको छ। यस वास्तविकताका बीच विद्यमान माग र आवश्यकताहरूलाई वस्तुनिष्ठ ढंगले प्राथमिकीकरण गर्दै यथासम्भव सन्तुलित र समन्यायिक रूपमा कार्यक्रमहरू प्रस्ताव गरिएका छन्। स्रोतको सीमितताका कारण यस वर्षको बजेटमा समेट्न नसकिएका रणनीतिक तथा जनपक्षीय योजनाहरूलाई आगामी वर्षहरूको वार्षिक विकास कार्यक्रममा क्रमशः समावेश गर्दै लैजाने प्रतिबद्धताका साथ म सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई आश्वस्त पार्न चाहन्छु।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा यसै गरिमामय गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रमलाई केन्द्रविन्दुमा राखिएको छ। यसका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर-

सरकारी वित्त व्यवस्थापन ऐन, सङ्घीय तथा प्रादेशिक योजनाहरु एवं मार्गदर्शन, दिगो विकास लक्ष्यका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, र स्थानीय ऐन-नियमहरूलाई मुख्य कानुनी आधारका रूपमा लिएकी छु।

बजेटलाई थप व्यवहारिक र जनमुखी बनाउन गाउँपालिकाका विभिन्न विषयगत समितिहरू, वडा समितिहरूबाट प्राप्त योजना तथा प्राथमिकताहरू, राजनीतिक दल, नागरिक समाज, प्रतिष्ठित बुद्धिजीवी, विषयविज्ञ, राष्ट्रसेवक कर्मचारीहरू, र सम्पूर्ण आदरणीय गाउँपालिकावासीहरूबाट प्राप्त अमूल्य र रचनात्मक सुझावहरूलाई मैले यस बजेटको मुख्य मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गरेकी छु।

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको नीतिगत रूपरेखा प्रस्तुत गर्दछुः

**बजेटका उद्देश्यहरु**

- कृषिको आधुनिकीकरण मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्नु।
- गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनु।
- सहभागितात्मक योजना तर्जुमाद्वारा समावेशी विकास सुनिश्चित गर्नु।
- ग्रामीण न्यूनतम पूर्वाधार विकास गरी जनजीविका सहज तुल्याउनु।
- सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई सुशासन प्रत्याभूत गर्नु।

**नीतिगत प्राथमिकताहरू**

- आधारभूत शिक्षा र स्वास्थ्य सेवाको सुदृढीकरण र नागरिकको पहुँच विस्तार।
- आन्तरिक रोजगारी सिर्जनाका लागि सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन।
- अधुरा तथा क्रमागत आयोजनाहरूको शीघ्र समापन।
- प्रविधिमैत्री स्थानीय शासन र डिजिटल सेवा प्रवाहको निरन्तरता।
- न्यून लगानीमा शीघ्र प्रतिफल दिने आयोजनाहरूको कार्यान्वयन।
- पारदर्शी, उत्तरदायी र गुणस्तरीय सार्वजनिक सेवाको प्रत्याभूति।

**विद्यमान अवसरहरू**

- संविधान प्रदत्त २२ वटा एकल अधिकार र कानुन निर्माणको संस्थागत अभ्यास।
- आन्तरिक आय बढाउन सक्ने प्रचुर प्राकृतिक स्रोत र रोयल्टीको उपलब्धता।
- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास र गन्तव्य पहिचान।
- उर्वर फाँटहरूमा सिँचाइ विस्तार गरी कृषि उत्पादकत्व बढाउने सम्भाव्यता।
- तेजपत्ता, अम्रिसो र गैर-काष्ठ वन पैदावारको विशिष्टीकृत उत्पादन क्षेत्र।
- तराईका ठूला बजारसँगको सामीप्यताले सहज व्यापार र आयआर्जनको अवसर।

**विद्यमान चुनौतीहरू**

- विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, व्यापार अवरोध र मध्यपूर्व एसियामा जारी द्वन्द्वको प्रभाव।
- सीमित वित्तीय स्रोत र नागरिकका असीमित विकास आकांक्षाबीच सन्तुलन गर्नु।
- जटिल भौगोलिक बनोटका कारण पूर्वाधार निर्माणमा उच्च लागत।
- परम्परागत निर्वाहमुखी खेती र दक्ष प्राविधिक जनशक्तिको न्यूनता।

- स्थानीय रोजगारी अभावका कारण युवा श्रमशक्तिको वैदेशिक पलायनलाई रोक्नु।
- एकीकृत सम्पत्ति कर र भवन निर्माण नक्सापास मापदण्डको पूर्ण कार्यान्वयन गर्नु।
- बढ्दो बजार क्षेत्रको फोहोरमैला संकलन तथा दिगो व्यवस्थापन गर्नु।

**आदरणीय गाउँसभाका अध्यक्षज्यू,**

अब म चालू आर्थिक वर्षको हालसम्मको समष्टिगत वित्तीय अवस्था तथा बजेट कार्यसम्पादनको प्रगति विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- चालू आर्थिक वर्षमा यस गाउँपालिकाको समग्र विकास र प्रशासनिक कार्य सञ्चालनका लागि कुल रु. ६६ करोड ६९ लाख ३७ हजार ८ सय ९९ विनियोजन भएकोमा हालसम्म कुल रु. ४१ करोड ४७ लाख ४३ हजार ४ सय ४३ अर्थात् समग्र बजेटको ६२.९८ प्रतिशत वित्तीय प्रगति हासिल भइसकेको व्यहोरा जानकारी गराउँदछु।
- कूल विनियोजित बजेट मध्ये चालू तर्फ रु. ४७ करोड ४६ लाख ७ हजार ८ सय ९९ विनियोजन गरिएकोमा हालसम्म रु. ३० करोड ३६ लाख ६२ हजार ४ सय ४३ अर्थात् ६३.९८ प्रतिशत खर्च भएको छ।
- यसैगरी भौतिक पूर्वाधार र रणनीतिक विकासका लागि पूँजीगत तर्फ रु. १९ करोड २३ लाख ३० हजार विनियोजन भएकोमा हालसम्म रु. ११ करोड १० लाख ८१ हजार अर्थात् ५७.७६ प्रतिशत खर्च भई भौतिक प्रगति सन्तोषजनक दिशातर्फ उन्मुख रहेको ब्यहोरा अनुरोध गर्दछु। उपलब्ध वित्तीय स्रोतको सीमाभित्र रही विनियोजन कुशलता र खर्चको गुणस्तर कायम गर्न हाम्रा प्रयासहरू केन्द्रित रहेका छन्।

**अध्यक्ष महोदय,**

सीमित स्रोतका बीच नागरिकका बहुआयामिक आवश्यकताहरूलाई सम्बोधन गर्न यो बजेट निर्देशित छ। अब म यस विनियोजित बजेटले अङ्गीकार गरेका क्षेत्रगत प्राथमिकताहरू यस गरिमामय सभा समक्ष विस्तृत रूपमा प्रस्तुत गर्दछुः

**सामाजिक विकास क्षेत्र तर्फ**

**शिक्षा**

- यस वर्ष पनि अभिभावकविहीन बालबालिकाहरूको माध्यमिक तहसम्मको शिक्षाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- विद्यालयमा कार्यरत शिक्षिकाहरू प्रसूति बिदामा रहँदा पठनपाठनमा पर्ने असर कम गर्न सट्टामा स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि आवश्यक विनियोजन गरेकी छु।
- विद्यालयमा कक्षागत, तहगत र विषयगत आधारमा पालिका अनुदान शिक्षक, बाल विकास शिक्षिका, कार्यालय सहयोगी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन र तलब भत्ताका लागि रु. १ करोड ५८ लाख रकम विनियोजन गरेकी छु।
- सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीहरूलाई सङ्घीय सशर्त अनुदानबाट दिवा खाजा उपलब्ध गराइँदै आएकोमा यस गाउँपालिकामा कक्षा ६ का विद्यार्थीहरूलाई समेत

प्रदान गर्दै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन रु. १४ लाख ५० हजार बजेटको व्यवस्था गरेकी छु।

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यार्थी-अभिभावक सचेतना कार्यक्रम तथा विषयगत शिक्षक र प्रधानाध्यापकको क्षमता अभिवृद्धि तालिम जस्ता कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।
- समग्र शिक्षण प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले पालिकामा विगतका वर्षहरूदेखि सञ्चालित QEQS कार्यक्रमको दिगोपनाका लागि आवश्यक बजेटको व्यवस्था गरिकी छु।
- विद्युतीय सुशासन, विश्वव्यापीकरण र सूचना तथा सञ्चार प्रविधिको विकासले सिर्जना गरेका अवसरहरूलाई आन्तरिकीकरण गरी शैक्षिक क्षेत्रको विकासका लागि विद्यालयहरूलाई प्रविधिमैत्री बनाउँदै लैजान रु. ८ लाख रकम विनियोजन गरेकी छु।
- स्नातक तहको विज्ञान तथा प्राविधिक विषय अध्ययनका लागि गत आर्थिक वर्षदेखि सञ्चालनमा आएको छात्रवृत्ति कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएकी छु।
- विद्यालयको संस्थागत सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा हरेक सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई जिम्मेवार बनाउन प्रधानाध्यापक प्रोत्साहन भत्ता र शिक्षक-कर्मचारी दुर्घटना बिमा लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।
- विगतका वर्षहरुमा गर्दै आएको शिक्षक कर्मचारी दुर्घटना विमालाई यस वर्ष पनि निरन्तरता दिएकी छु। सोको लागि ७ लाख रकम विनियोजन गरेकी छु।
- SEE परीक्षामा शत् प्रतिशत नतिजा ल्याउने विद्यालयहरुलाई आगमी वर्ष देखि प्रोत्साहन अनुदान कार्यक्रम ल्याईने छ। सोको लागि रुकम रु ३ लाख विनियोजन गरेकी छु।
- शिक्षा क्षेत्रतर्फका विभिन्न कार्यक्रमका लागि गाउँपालिकाको तर्फबाट कुल रु. ३ करोड ३३ लाख ८५ हजार विनियोजन गरेकी छु।

**स्वास्थ्य**

- भर्खरै निर्माण सम्पन्न भएको १५ शैय्याको माथागढी आधारभूत अस्पताल सञ्चालन गर्न सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नुका साथै यस गाउँपालिकाको तर्फबाट रु. ५० लाख रकम विनियोजन गरेकी छु।
- विपन्न सहयोग कार्यक्रम, घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम, र उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम लगायतका लोककल्याणकारी कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरेकी छु।
- विपन्न नागरिकहरूलाई स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउने उद्देश्यले विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिन रु. १० लाख विनियोजन गरेकी छु।
- स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवालाई प्रवर्द्धन गर्न संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेकी छु।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि तथा रिएजेन्ट खरिद कार्यका लागि रु. २९ लाख बजेटको व्यवस्था गरेकी छु।
- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूको तलब, भत्ता तथा पोशाक खर्च व्यवस्थापनका लागि रु. १ करोड २३ लाख विनियोजन गरेकी छु।

- नागरिकको स्वास्थ्य र आरोग्यताका लागि परम्परागत उपचार पद्धति तथा विद्यालय योग शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।
- सामुदायिक स्वास्थ्यको मेरुदण्डका रूपमा रहेका महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा बिमा कार्यक्रम र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता विकासका विभिन्न कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेकी छु।
- स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्न गाउँपालिकाको तर्फबाट कुल रु. ३ करोड ७ लाख ३५ हजार ६ सय ९३ विनियोजन गरेकी छु।

**खानेपानी तथा सरसफाई**

- खानेपानीको पहुँच नपुगेका गाउँपालिका क्षेत्रभित्रका बस्तीहरूमा स्वच्छ तथा सुरक्षित खानेपानी सुविधा उपलब्ध गराउन विगतका अधुरा तथा क्रमागत योजनाहरूलाई प्राथमिकताका साथ पूर्णता दिन आवश्यक रकम विनियोजन गरेकी छु।
- नागरिकको मौलिक हकको रूपमा रहेको स्वच्छ खानेपानीको सुनिश्चितताका लागि "एक घर, एक धारा" अभियानलाई निरन्तरता दिएकी छु।
- गाउँपालिकालाई स्वच्छ र सुन्दर राख्न समुदायस्तरमा फोहोरमैला व्यवस्थापनको लागि रु ८ लाख र यसै सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रु. २ लाख विनियोजन गरेकी छु।
- विभिन्न खानेपानी आयोजनाहरूको मर्मत-सम्भार, विस्तार तथा सुदृढीकरणका लागि आवश्यक खानेपानी पाइप खरिद तथा सरसफाई कार्यक्रम गर्ने प्रयोजनार्थ आवश्यक बजेट विनियोजन गरेकी छु।

**लक्षित वर्ग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- माथागढी गाउँपालिकामा बालमैत्री स्थानीय शासन (CFLG) का सूचकहरू पूर्ण रूपमा कार्यान्वयन गरी बालमैत्री गाउँपालिका घोषणा गर्ने र बालबालिकाको चौतर्फी विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि रु. ६० लाख बजेट विनियोजन गरेकी छु।
- गाउँपालिकाका महिलाहरुको व्यावसायिक तथा प्राविधिक सीप विकास गरी उनीहरूलाई उद्यमशील र आत्मनिर्भर बनाउन विभिन्न आयआर्जन तथा सीप विकास कार्यक्रमका लागि रु. ८ लाख बजेट विनियोजन गरेकी छु।
- निजामती तथा सरकारी सेवामा पहुँच र प्रतिनिधित्व बढाउन राज्यको मूल प्रवाहबाट पछाडि परेका समुदायका शिक्षित युवाहरूलाई लक्षित गरी लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्न रु. ५ लाख बजेटको व्यवस्था गरेकी छु।
- लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिहरूको तत्काल उद्धार, राहत र कानुनी सहायता सुनिश्चित गर्न एक छुट्टै 'लैङ्गिक हिंसा निवारण कोष' स्थापनाका लागि रु. २ लाख विनियोजन गरेकी छु।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा पिछडिएका वर्गको सशक्तीकरण र कल्याणका लागि अन्य विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।
- युवाहरुलाई व्यवसायिक सीप विकास तथा क्षमता वृद्धिको लागि अघिल्लो आ.व.मा विनियोजन गरिएको आधारभूत ड्राईभिङ तालिमको निरन्तरताको लागि रु १० लाख विनियोजन गरेकी छु।

- स्थानीय स्तरका विवादहरूलाई छिटो-छरितो र सर्वसुलभ माध्यमबाट समाधान गरी कानुनी सुशासनको प्रत्याभूति गर्न न्यायिक समिति तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि गर्न रु. ४ लाख विनियोजन गरेकी छु।
- गाउँपालिकाभित्रका लक्षित वर्गको उत्थान, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) का विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्रमा कुल रु. ९७ लाख छुट्याएकी छु।

खेलकुद

- माथागढी गाउँपालिकाभित्र खेलकुद क्षेत्रको विकास, खेलाडीहरूको प्रतिभा पहिचान र युवा जनशक्तिलाई रचनात्मक कार्यमा परिचालन गर्न विभिन्न तहका खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने प्रयोजनार्थ रु. ७ लाख विनियोजन गरेकी छु।
- विद्यालय स्तरदेखि नै खेलाडीहरूको जग मजबुत बनाउन र खेलकुदप्रति रुचि अभिवृद्धि गर्न जिल्ला र पालिका **स्तरीय राष्ट्रपति रनिङ शिल्ड** प्रतियोगिता सञ्चालनका लागि रु. ७ लाख ५० हजार विनियोजन गरेकी छु।
- स्थानीय स्तरमा अत्यधिक लोकप्रिय रहेका खेलहरूलाई संस्थागत गर्न **'अध्यक्ष कप ब्याडमिन्टन' प्रतियोगिता, 'माथागढी कप भलिबल'** प्रतियोगिता सञ्चालन गर्न तथा पालिकाभित्रका विद्यालयहरूमा खेलकुद संस्कृतिको विकासका लागि खेलकुद सामग्री वितरण लगायतका कार्यक्रमहरूका लागि रु. १० लाख बजेट विनियोजन गरेकी छु।

आर्थिक विकास

कृषि विकास

- माथागढीको माटोलाई आत्मनिर्भरताको मार्गमा अघि बढाउने अन्नदाता कृषकहरूको पसिनालाई न्याय गर्न र उत्पादनलाई प्रोत्साहन दिन, यस वर्ष पनि **'उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम'** का निमित्त रु. २२ लाख बजेटको सुनिश्चितता गरेकी छु।
- विभिन्न वडाहरूको विशिष्ट भूगोल, माटो र सम्भाव्यता अनुकूल **"एक गाउँ, एक उत्पादन"** को अवधारणा अन्तर्गत व्यावसायिक तरकारी, आलु, धनियाँ र खुर्सानी खेती प्रवर्द्धन गर्न तथा कृषि पकेट क्षेत्र विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।
- कृषिलाई रोजगारी र उत्पादनसँग जोड्न विभिन्न नवीन प्रविधि, उन्नत बिउबिजन वितरण लगायत प्राविधिक सहयोगका कार्यक्रमहरूलाई निरन्तरता दिएकी छु।
- आगामी वर्ष युवा कृषकहरूलाई व्यावसायिकतातर्फ आकर्षित गर्न व्यावसायिक फूलखेती प्रोत्साहन, मौरीपालन तालिम तथा आधुनिक मौरीपालन औजार-उपकरण अनुदान वितरण र उच्च गुणस्तरीय नर्सरी स्थापनाका लागि समेत आवश्यक बजेटको सुनिश्चितता गरेकी छु।
- रासायनिक मल र विषादीको अनियन्त्रित एवं अत्यधिक प्रयोगले हाम्रो माटोको प्राकृतिक उर्वराशक्ति क्षय हुँदै गएको र मानवीय स्वास्थ्यमा समेत गम्भीर चुनौती थपिएको कुरालाई मध्यनजर गर्दै माटोको स्वास्थ्य रक्षा र विषादीरहित स्वच्छ उत्पादनलाई उच्च प्राथमिकतामा राखेकी छु।

- यसका लागि माटो परीक्षण शिविर तथा प्लान्ट क्लिनिक सञ्चालन, भर्मीकम्पोष्ट (गड्यौले मल) प्रवर्द्धन, जैविक विषादी एवं स्थानीय ट्राइकोडरमा प्रवर्द्धन तथा विस्तार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।
- हाम्रो रैथाने पहिचान र पर्यावरण जोगाउन जलवायुमैत्री कृषि अन्तर्गत **"रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रम"** का लागिसमेत आवश्यक बजेट सुरक्षित गरेकी छु।
- कृषि उपजको उचित मूल्य र सहज बजार पहुँच सुनिश्चित गर्न बजारीकरण, मूल्य शृङ्खला (Value Chain) विकास र उत्पादक-उपभोक्ता सीधा सञ्जाल कार्यक्रमलाई विशेष प्राथमिकताका साथ बजेट व्यवस्था गरेकी छु।
- माथागढी गाउँपालिकाको आर्थिक मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको समग्र र दिगो विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न कुल रु. ९६ लाख ७६ हजार विनियोजन गरेकी छु।

**पशु पन्छी विकास**

- पशुपन्छीको स्वास्थ्य रक्षा र महामारी नियन्त्रणका लागि अत्यावश्यक पशुपन्छी सेवा औषधि खरिद गर्न रु. १० लाख विनियोजन गरेकी छु।
- पशुपालन व्यवसायलाई थप व्यवस्थित र व्यावसायिक बनाउन तथा स्वच्छ दूध र मासु उत्पादनमा सहयोग पुऱ्याउन भकारो तथा खोर सुधार कार्यक्रमका लागि रु. ११ लाख बजेट विनियोजन गरेकी छु।
- स्थानीय वातावरणमा अनुकूलित स्थानीय जातका भेडाको संरक्षण, संवर्द्धन तथा व्यवसायीकरण गरी मासु, ऊन र किसानहरूको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले भेडा प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।
- कृषि कार्यमा यान्त्रीकरणको विस्तारसँगै हलगोरुको प्रयोग घट्दै गए तापनि दुर्गम तथा पहाडी क्षेत्रका धेरै साना किसानहरू अझै पनि जोताइ र कृषि उत्पादनका लागि हलगोरुमै निर्भर रहेको यथार्थलाई मध्यनजर गर्दै, रैथाने सीप र प्रविधिको जगेर्नाका लागि हल गोरु संरक्षण कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेकी छु।
- उपभोक्ताहरूलाई स्वच्छ र स्वास्थ्यकर मासुको उपलब्धता सुनिश्चित गर्न **'माछा/मासु पसल सुधार कार्यक्रम'** लाई निरन्तरता दिएकी छु।
- सार्वजनिक स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी रेबिज रोगको जोखिम न्यूनीकरण गर्न निःशुल्क रेबिजविरुद्धको खोप तथा सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिएकी छु।
- स्थानीय स्तरमा उद्यमशीलताको विकास गर्न, नयाँ स्टार्टअप व्यवसायी तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई पशुपालन क्षेत्रमा आकर्षित र प्रोत्साहित गर्न आवश्यकतामा आधारित सीपमूलक तालिमहरूलाई निरन्तरता दिएकी छु।
- माथागढी गाउँपालिकाको पशुपालन क्षेत्रको दिगो व्यावसायिक विकास र कृषकहरूको आर्थिक उत्थानका लागि यस क्षेत्रमा कुल रु. ४८ लाख ५० हजार बजेट विनियोजन गरेकी छु।

**रोजगार सीप तथा उद्यमशिलता प्रवर्धनतर्फ**

- उत्पादन र उद्यमशीलताका माध्यमबाट स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा नागरिकहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न सङ्घीय सरकारसँगको साझेदारीमा सञ्चालित रोजगार प्रवर्धन कार्यक्रमका लागि रु. ११ लाख विनियोजन गरेकी छु।
- स्थानीय कच्चा पदार्थको सदुपयोग, पर्यावरण संरक्षण र परम्परागत सीपको प्रवर्द्धन गर्ने दुना-टपरी लघु उद्यमलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिन रु. ३ लाख विनियोजन गरेकी छु।
- गाउँपालिकाभित्र वैदेशिक रोजगारमा रहेका तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप, ज्ञान, अनुभव र उद्यमशीलताको सम्भावनालाई अभिलेखबद्ध गरी उनीहरूलाई पुनःएकीकरण र स्वरोजगारसँग जोड्न वैदेशिक रोजगार सम्बन्धी प्रोफाइल (Profile) तयार गर्ने प्रयोजनार्थ रु. २.५ लाख विनियोजन गरेकी छु।
- स्थानीय उद्यमशिलता प्रविधि हस्तान्तरण अन्तर्गत रकम रु ८ लाख व्यवस्था मिलाएकी छु।
- यसरी रोजगार सीप तथा उद्यमशिलता प्रवर्धनतर्फ विविध शीर्षकहरुमा २२ लाख विनियोजन गरेकी छु।

सहकारी

- सहकारी क्षेत्रको संस्थागत सबलीकरणका लागि सहकारी शिक्षा, व्यवस्थापकीय कार्यकुशलता बढाउने तालिम, सञ्चालकहरूको क्षमता विकास एवं समुदायस्तरमा सहकारी वित्तीय साक्षरता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु।
- सर्वसाधारण नागरिकहरूको बचत तथा लगानीको सुरक्षा सुनिश्चित गरी स्थानीय वित्तीय कारोबारलाई विश्वसनीय बनाउन प्रचलित सहकारी ऐन, नियमावली र स्वीकृत मापदण्डका आधारमा नियमन, वित्तीय निरीक्षण एवं प्रभावकारी अनुगमनको व्यवस्था मिलाएकी छु।

पर्यटन

- माथागढी गाउँपालिका वडा नं. ३, सराई फूलबारीमा अवस्थित ऐतिहासिक लखन थापा पार्कलाई क्रमागत रूपमा व्यवस्थित, आधुनिक र सौन्दर्यीकरण गर्दै लखन थापा ग्रीन पार्कको रूपमा प्रमुख पर्या-पर्यटकीय गन्तव्यका रूपमा विकास र स्थापित गर्न रु. ८ लाख विनियोजन गरेकी छु।
- गाउँपालिकाको सांस्कृतिक एवं ऐतिहासिक धरोहरको रूपमा रहेको मालिका मन्दिरको पुरातात्त्विक संवर्द्धन, संरक्षण तथा बृहत्तर विकासका लागि रकम रु ८ लाख बजेट व्यवस्था गरेकी छु।
- स्थानीय कला, संस्कृति, र रैथाने पहिचानको संरक्षण गर्दै ग्रामीण पर्यटनका माध्यमबाट नागरिकहरूको आयआर्जन र स्वरोजगारका अवसरहरू सिर्जना गर्न गाउँपालिकाभित्रका सम्भावित पर्यटकीय क्षेत्रहरूमा होमस्टे प्रवर्द्धन तथा सुदृढीकरणका लागि रु. १ लाख विनियोजन गरेकी छु।
- माथागढी गाउँपालिकाको पर्यटकीय सम्भावनालाई उजागर गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन, ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, र ग्रामीण पर्यटनका माध्यमबाट स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न पर्यटन क्षेत्रका विभिन्न विधा र पूर्वाधार विकासका लागि आवश्यक बजेट सहित कुल रु. २४ लाख विनियोजन गरेकी छु।

पूर्वाधार विकास

**सडक, भवन तथा आवास**

- गाउँपालिकाको प्रशासनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, सुदृढ र जनमुखी बनाउन निर्माणाधिन प्रशासकीय भवनको भौतिक संरचना निर्माण कार्य सम्पन्न गर्न चालु आर्थिक वर्षका लागि रु. १ करोड विनियोजन गरेकी छु।
- संघीय समपूरक अनुदान तथा गाउँपालिकाको समपूरक साझेदारी कोषबाट मोहनचौपारी—मान्केसोले दोहोरा हुँदै फेदी मोटरबाटो निर्माण तथा स्तरोन्नतिका लागि रु. २ करोड ९८ लाख बजेट सुनिश्चित गरेकी छु।
- संघीय विशेष अनुदान अन्तर्गत सौभाग्य माध्यमिक विद्यालयको घेराबार पर्खाल, शौचालय तथा क्यान्टिन निर्माणका लागि रु. १ करोड र दिव्य ज्योति माध्यमिक विद्यालयको घेराबार पर्खाल, शौचालय तथा क्यान्टिन निर्माण (क्रमागत) कार्यका लागि रु. ३२ लाख वजेट सुनिश्चित गरेकी छु। यस पूर्वाधार विकासले विद्यालयको सिकाई वातावरणलाई सुरक्षित, स्वास्थ्यकर र बालमैत्री बनाउने विश्वास लिएकी छु।
- बासटारी झडेवा दुम्कीवास (रहवास-मटेरी खण्ड) गडवास हात्तिलुङ भुटुके मो.बा., विरौटा धैरेनी मो.बा., लगायतका अन्य साना तथा मझौताल सडक पूर्वाधारको लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु।
- गाउँपालिका क्षेत्रभित्रका मुख्य आर्थिक केन्द्र, बजार तथा ग्रामीण बस्तीहरूलाई जोड्ने मुख्य तथा भित्री सडकहरूको स्तरोन्नति, बाह्रै महिना सञ्चालन हुने सुनिश्चितता र मर्मत-सम्भारका लागि आवश्यकताका आधारमा बजेट विनियोजन गरेकी छु।
- उर्जाक्षेत्रको पूर्बाधार विकासको लागि ७ लाख बजेट विनियोजन गरेकी छु।
- विश्वव्यापी आर्थिक शिथिलता तथा पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट सिर्जित प्रतिकूल प्रभावका कारण लक्षित समयमा सम्पन्न हुन नसकेका क्रमागत आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिन आगामी आर्थिक वर्षको प्रारम्भदेखि नै कार्य सञ्चालन गर्ने गरी रु. २ करोड २३ लाख विनियोजन गरेकी छु। यसबाट अधुरा आयोजनाहरू शीघ्र सम्पन्न हुने अपेक्षा लिएको छु।
- यसरी पूर्वाधार क्षेत्र तर्फ कूल रकम रु १० करोड ६० लाख ३० हजार विनियोजन गरेकी छु।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

- वन संरक्षण, जैविक विविधताको प्रवर्द्धन, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वृक्षारोपण तथा पुनर्भरण (रिचार्ज) पोखरी निर्माण लगायतका वातावरणीय एवं पर्या-प्रणाली संरक्षणका कार्यक्रमहरूका लागि करिव १५ लाख विनियोजन गरेको छु।

**सुशासन तथा संस्थागत विकास क्षेत्र**

- गाउँपालिकाको सेवा प्रवाहलाई नागरिकमैत्री, प्रभावकारी र सहज बनाउन यसै आर्थिक वर्षदेखि "डिजिटलमैत्री पालिका" अभियान सञ्चालन गरिनेछ। प्रशासनिक कामकारवाही र सेवा प्रवाहलाई क्रमशः अनलाइनमा आधारित बनाउन नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई यस गाउँपालिकामा पाइलटिङ गरी पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु।
- वडा तथा शाखाहरूको संस्थागत सुदृढीकरणका लागि आवश्यक भौतिक स्रोत र साधनको व्यवस्थापन गरिनेछ। पालिका अन्तर्गतका प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरूमा ई-हाजिरी प्रणाली

क्रमशः अनिवार्य गरिनेछ। हाल सञ्चालनमा रहेको ई-हाजिरी प्रणालीलाई नेपाल सरकारको एकीकृत हाजिरी व्यवस्थापन प्रणालीसँग आबद्ध गर्न आवश्यक बजेट वनियोजन गरेकी छु।

- गाउँपालिकाको सांगठनिक ढाँचालाई सान्दर्भिक बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरूको प्रशासनिक दक्षता अभिवृद्धि गर्न क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न १० लाख बजेट बिनियोजन गरेकी छु।
- नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेट मार्फत राष्ट्रसेवक कर्मचारीहरूको तलबमान, महँगी भत्ता र प्रोत्साहन भत्ता २०८३ साउन १ गतेदेखि लागू हुने गरी वृद्धि गरेकोमा, यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी राष्ट्रसेवक कर्मचारीहरूको समेत तलबमान, र कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता सोही बमोजिम वृद्धि हुने व्यवस्था मिलाएकी छु। साथै करार सेवाका कर्मचारीहरुको आधारभूत तलबमानमा केहि वृद्धि हुने व्यवस्था गरेकी छु।

**आदरणीय सभाध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू,**

अब, स्वीकृत नीति तथा कार्यक्रमहरूलाई सफलतापूर्वक कार्यरूपमा परिणत गर्नका लागि स्रोत व्यवस्थापन र बजेट विनियोजनको प्रस्तावित रूपरेखा यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- आन्तरिक राजस्व तर्फ गाउँपालिकाको आन्तरिक आयका स्रोतहरूको अधिकतम परिचालन र करको दायरा विस्तार मार्फत आगामी आर्थिक वर्षमा रु. १ करोड ७० लाख आन्तरिक राजस्व सङ्कलन हुने अनुमान गरेकी छु।
- सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तर्गतः
    - वित्तीय समानीकरण अनुदान तर्फ रु. १० करोड ७९ लाख,
    - सशर्त अनुदान (चालू) तर्फ रु. २८ करोड ८१ लाख र सशर्त अनुदान (पूँजीगत) तर्फ रु. ५७ लाख,
    - सङ्घीय विशेष अनुदान तर्फ रु. १ करोड ३२ लाख र सङ्घीय समपूरक अनुदान तर्फ रु. १ करोड ४९ लाख प्राप्त हुने सुनिश्चितता भएको छ।
- यसैगरी प्रदेश सरकार मार्फत प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तर्गतः
    - वित्तीय समानीकरण अनुदान तर्फ रु. ७१ लाख ७८ हजार,
    - सशर्त अनुदान तर्फ रु. १ करोड,
    - प्रदेश समपूरक अनुदान तर्फ रु. ७५ लाख र प्रदेश विशेष अनुदान तर्फ रु. १७ लाख प्राप्त हुने सुनिश्चितता भएको छ।
- राजस्व बाँडफाँड अन्तर्गत सङ्घीय सरकार र प्रदेश सरकार मार्फत रु. ११ करोड १३ लाख २७ हजार प्राप्त हुने सुनिश्चितता भएको छ।
- चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमहरूको कार्यसम्पादन पश्चात् आर्थिक वर्षको अन्त्यमा रहने बचत अर्थात् गत वर्षको नगद मौज्दातबाट रु. ७ करोड १४ लाख ७६ हजार परिचालन हुने अनुमान गरेकी छु।
- यसरी समग्रमा आगामी आर्थिक वर्ष २०८३/०८४ का नीति तथा कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्नका लागि कुल **रु. ६८ करोड १३ लाख ५७ हजार २ सय ९३** विनियोजनको प्रस्ताव गरेकी छु।

- कुल विनियोजित बजेट मध्ये गाउँपालिकाको प्रशासनिक सञ्चालन, सेवा प्रवाह र विषयगत क्षेत्रका चालू कार्यक्रमहरू सञ्चालन गर्न चालू तर्फ रु. ४७ करोड ६३ लाख ५७ हजार २ सय ९३ विनियोजन गरिएको छ।
- यसैगरी भौतिक पूर्वाधार विकास, रणनीतिक आयोजनाहरु र पूँजी निर्माणका लागि पूँजीगत तर्फ रु. २० करोड ५० विनियोजनको प्रस्ताव गरेकी छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको यो बजेट तर्जुमा गर्ने क्रममा निरन्तर अमूल्य मार्गदर्शन, राजनीतिक नेतृत्व र अभिभावकत्व प्रदान गर्नुहुने आदरणीय गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू प्रति म हृदयदेखि नै हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यसैगरी, बजेटलाई सन्तुलित र वस्तुपरक बनाउन आ-आफ्नो क्षेत्रबाट रचनात्मक सुझाव र सल्लाह दिनुहुने आदरणीय राजनीतिक दलका नेताहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, विकास साझेदारहरू, विषयविज्ञहरू, नागरिक समाज, सञ्चारजगत्, र अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरू लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बजेट निर्माण गर्नु आफैंमा एक महत्वपूर्ण कदम हो भने यसको वस्तुनिष्ठ कार्यान्वयन मार्फत आम नागरिकको जीवनस्तरमा रूपान्तरण ल्याउनु हाम्रो मुख्य दायित्व हो। यस बजेटले अङ्गीकार गरेका विकासका लक्ष्य र प्राथमिकताहरू हासिल गर्न सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र सम्पूर्ण माथागढीवासी दाजुभाइ तथा दिदीबहिनीहरूबाट विगतमा जस्तै आगामी दिनमा पनि पूर्ण प्रतिबद्धता र रचनात्मक सहयोग प्राप्त हुने बलियो विश्वास लिएकी छु।

अन्त्यमा, **"समृद्ध माथागढी"** निर्माणको यस साझा अभियानमा सहभागी हुन म सबैमा हार्दिक आह्वान गर्दछु।

**धन्यवाद।**

**मितिः २०८३/०३/१०**

विष्णुमाया लुङ्चे
उपाध्यक्ष
माथागढी गाउँपालिका